म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- १४ २०८१ मंसिर १५ गते शनिबार 30 November 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-




## बागमती प्रदेश सरकार

# मुख्यमन्त्रीसहित ६ मन्त्रालयमा ७ सचिव रिक्त

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशमा कर्मचारी व्यवस्थापनको विषय संकटग्रस्त बन्दै गएको छ । प्रदेशमा निरन्तर रुपमा मन्त्रालयको संख्या बढेसंगै कर्मचारी व्यवस्थापन जटिल बन्दै गएको हो । मन्त्रालयको संख्या बढेसँगै प्रदेशमा सचिवस्तरका कर्मचारीहरु अभाव देखिएको छ । प्रदेश सरकारलाई आवश्यक सचिवस्तरका कर्मचारी अभाव भइरहँदा संघीय सरकारबाट पनि सरुवा हुन सकेको छैन । सचिवस्तरका कर्मचारी अभाव हुँदा प्रदेशको मुख्यमन्त्री कार्यालयदेखि विभागीय मन्त्रालय र संवैधानीक निकायहरुको कार्य प्रभावित हुँदै आएको छ ।

सचिवस्तरका कर्मचारी नहुँदा केही समयअघि काजमा अन्य मन्त्रालयका सचिवलाई ल्याएर मन्त्रिपरिषद् बैठक संचालन गर्नुपर्ने अवस्था रहेको थियो । गत साउनबाट देखिएको कर्मचारी व्यवस्थापनको समस्या ५ महिनामा पनि समाधान हुन सकेको छैन । प्रदेश सरकार र संघीय सरकार बीचको समन्वय अभावका कारण प्रदेशमा सचिवस्तरका कर्मचारीहरु अभाव देखिएको हो । प्रदेशलाई आवश्यक सचिवहरु संघीय सरकारले खटाउने प्रचलन रहेको छ । सोही अनुसार यस अघिसम्म प्रदेशका सबै मन्त्रालयमा संघीय सरकारका सहसचिव तहका कर्मचारी सचिवको जिम्मेवारीमा आउने गरेका थिए । तर, पछिल्लो साउनबाट प्रदेशमा सरुवा भएर आउने कर्मचारीहरु संघले पठाएको देखिँदैन । प्रदेशमा कार्यरत संघबाट खटिएका सचिवहरुको पनि सरुवा गरी मन्त्रालय वा विभागमा राख्ने गरिएको छ ।

कर्मचारी व्यवस्थापनमा पर्याप्त काम गर्न नसक्दा प्रदेशका १४ मन्त्रालय र ३ संवैधानिक निकायमा ७ सचिव पद रिक्त रहेको छ । मुख्यतः प्रदेश सरकार मातहतको मन्त्रालयहरुमा सचिव पद रिक्त रहेको हो । प्रदेशको ६ मन्त्रालयका ७ सचिव पद रिक्त रहेका छन् । सचिव नहुँदा मुख्यमन्त्री कार्यालयसमेतको काम प्रभावित भएको छ । मुख्यमन्त्री कार्यालयमा नै २ जना सचिवस्तरका कर्मचारीको पद रिक्त रहेको छ । संघीय सरकारसँग उपयुक्त समन्वय नहुँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका २ सहित संस्कृति तथा पर्यटन मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, स्वास्थ्य मन्त्रालय र आन्तरिक मामिला मन्त्रालयमा सचिव पद रिक्त रहेको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा दोहोरो जिम्मेवारीका रुपमा प्रदेशको ११ औं तहका कर्मचारीले सचिवको भूमिका सम्हाल्दै आएका छन् ।

मुख्यमन्त्री कार्यालयमा एक प्रमुख सचिव र हालै सरुवा भएर आएका बैठक तथा प्रशासन महाशाखामा एक सचिव रहेका छन् । मुख्यमन्त्री कार्यालयको शासकीय सुधार तथा सुशासन महाशाखा र कानुन महाशाखामा सचिव पद रिक्त छन् । मुख्यमन्त्री कार्यालयको शासकीय सुधार तथा सुशासन महाशाखामा गत असोज १६ मा पदस्थापित भएका विदुर खनाल कात्तिक २७ मा अनिवार्य अवकाश पाउनु भएसँगै सो पद रिक्त रहेको हो । उहाँ सो स्थानमा भदौ २७ मा सरुवा भएर आउनुभएको थियो । कार्य प्रभावित नगर्न मन्त्रिपरिषद् बैठकले सो पदमा नीति तथा योजना आयोगमा कार्यरत केशवराज सुवेदीलाई दोहोरो जिम्मेवारी तोकिएको छ ।

मुख्यमन्त्री कार्यालयका कानुन सचिव कृष्ण कुमार कार्की ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयमा सरुवा भएर जानुभएसँगै सो पद पनि रिक्त रहेको छ । उहाँ सरुवा भएर जानुभएको करिव २ महिना पूरा हुने अवधिमा पनि नयाँ सचिव आउन सकेका छैनन् । यता मुख्यमन्त्री कार्यालयका प्रशासन महाशाखाका सचिव श्रवण कुमार पोखरेल पनि भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयमा सरुवा भएर जानु भएपछि सो पद रिक्त रहेको थियो । रिक्त रहेको केही दिनमा नै उहाँको स्थानमा संघीय सरकारले सरुवा गरेर पठाएको सचिव वेदप्रसाद भण्डारीलाई मन्त्रिपरिषद् बैठकले उक्त महाशाखाको जिम्मेवारी तोकेको छ ।

यता प्रदेशको संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयमा सचिव नभएको ५ महिना पूरा हुने चरणमा छ । गत साउन ३२ मा संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयमा कार्यरत सचिव हरिशरण पुडासैनी संघीय अर्थ मन्त्रालय सरुवा हुनुभएसँगै सो मन्त्रालय निमित्तको भरमा चलेको छ । सो मन्त्रालयको सचिवको जिम्मेवारी नवौं तहको कर्मचारीलाई दिइएको छ ।

उता प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालयका सचिव बलराम निरौलाको समेत सरुवा भइसकेको छ । निरौलाको समावेशी आयोगमा सरुवा भएको महिना दिन भन्दा बढी भइसकेको छ । सरुवा भए पनि उहाँ अझै प्रदेशमा नै बसिरहनुभएको छ । संघीय सरकारको सो पदमा अर्को सचिव नपठाउँदा उहाँले हालसम्म रवाना लिनुभएको छैन । प्रदेशको स्वास्थ्य मन्त्रालय पनि सचिवविहीन छ । सो स्थानमा प्रदेशका ११ औं तहका बद्रीबहादुर खड्का सचिवको भूमिकामा रहनु भएको थियो । उहाँ पनि मंसिर पहिलो साता नै अनिवार्य अवकाश भइसक्नु भएको छ । उहाँको अवकाससहित सो पदमा पनि जिम्मेवारी तोकिन सकेको छैन । यसअघि नै प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पूर्ण बहादुर दर्जी दोहोरो जिम्मेवारीको रूपमा कामकाज गर्दै आउनुभएको छ । उहाँको दरबन्दी प्रदेशसभा सचिवालयमा रहेको छ । उहाँ प्रदेशसभाको सचिवालय सचिवको रूपमा पनि कामकाज गर्दै आउनुभएको छ ।

### दोहोरो जिम्मेवारी तोक्दै सरकार

सचिव अभावका कारण काम प्रभावित भएपछि मुख्यमन्त्री कार्यालय अन्य मन्त्रालयका सचिवलाई थप जिम्मेवारी तोक्ने गरी अघि बढेको छ । मुख्यमन्त्री बहादुर सिंह लामाको सचिवालयका अनुसार अन्य मन्त्रालयका सचिवलाई जिम्मेवारी तोक्ने गरी तयारी गरिएको छ ।

मंसिर १० गते बसेको मन्त्रिपरिषद् बैठकबाट अन्य मन्त्रालयमा रहेका २ सचिवलाई थप जिम्मेवारी तोकिएको हो । सामाजिक विकास मन्त्रालयमा कार्यरत बद्रीनाथ गैह्रेलाई युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी तोक्ने मन्त्रिपरिषद्को निर्णय थियो भने उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव राजेन्द्र केसीलाई संस्कृति पर्यटन मन्त्रालयको पनि जिम्मेवारी दिइएको छ । यसअघि युवा तथा खेलकुद मन्त्रालयमा कार्यरत सचिव रुद्र लामिछानेलाई मुख्यमन्त्री कार्यालय तानेर हालै गठन गरिएको सहकारी तथा गरिवी निवारण मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

### कर्मचारीलाई जिम्मेवारी दिन अलमल

बागमती प्रदेश सरकारले कर्मचारी व्यवस्थापनका लागि निजामती ऐन नै जारी गरेको छ । २०७९ मा ऐन जारी गरी प्रदेश सरकार कार्यान्वयनमा अघि बढि सकेको छ । उक्त ऐन अनुसार विभिन्न सेवा समुहका १४ जनालाई ११ औं तहमा बढुवा समेत गरेको छ । सचिवस्तरको कर्मचारी अभाव भइरहेका बेला सरकारले निर्माण गरेको कानुनी व्यवस्था कार्यान्वयनमा भने अलमल गरेको देखिन्छ । प्रदेश निजामती सेवा ऐन २०७९ अनुसार ११ औं तहका कर्मचारी सचिव हुने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार हाल प्रदेशमा ११ औं तहका १४ जना मध्ये १३ जना कर्मचारीलाई जिम्मेवारी तोक्न सकिने अवस्था छ । सेवा समुह अनुकुल बनाएर जिम्मेवारी तोक्ने विषयमा सरकारले ध्यान नदिँदा प्रदेशका मन्त्रालयहरु तल्लो दर्जाका कर्मचारीलाई निमित्त दिएर कामकाज हुँदै आएको छ ।

### प्रदेशबाटै तोक्न छलफलः मन्त्री लामिछाने

बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले सचिव अभावलाई व्यवस्थापन गर्ने विषयमा छलफल भइरहेको बताउनुभएको छ । कर्मचारी व्यवस्थापनका विषयमा मुख्यमन्त्रीले मन्त्रिपरिषद् बैठक तथा अनौपचारिक रुपमा पनि छलफल गरिरहेको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार संघीय सरकारमा पनि कर्मचारीको अभाव रहेकाले प्रदेशलाई आवश्यक विशिष्ट श्रेणीका कर्मचारीहरु सरुवा गर्न समस्या भएको हो । प्रधानमन्त्री, सामान्य प्रशासन मन्त्रालय र मुख्य सचिवसँग निरन्तर रुपमा मुख्यमन्त्रीले छलफल र समन्वय गरिरहेको उहाँले बताउनुभयो । सचिव अभावका कारण कार्य प्रभावित हुन नदिन मुख्यमन्त्रीले थप जिम्मेवारी समेत तोकेको उहाँले बताउनुभयो । संघबाट सचिवहरु सरुवा हुने अवस्था हेरेर प्रदेशका कर्मचारीलाई नै जिम्मेवारी तोक्ने विषयमा छलफल भएको मन्त्री लामिछानेले उल्लेख गर्नुभएको छ । सोही अनुसार प्रदेश लोकसेवा आयोगलाई बढुवा समितिको कार्य प्राथमिकतामा राख्न पनि आग्रह गरिएको उहाँले जानकारी दिनुभयो । प्रदेशमा हाल कायम रहेका ११ औं तहका कर्मचारीको संख्या सेवा समुह बारे अध्ययन गर्न पनि निर्देशन भएको मन्त्री लामिछानेको भनाई छ । छिट्टै नै प्रदेशका कर्मचारीलाई जिम्मेवारी दिएर मन्त्रालयको काम अघि बढाउने उहाँले बताउनुभयो । प्रदेशलाई नै सक्षम बनाउने गरी सरकार अघि बढेको उहाँको भनाई छ ।

# तीन तहका सरकार बीच समन्वयको अभाव छः मन्त्री खड्का



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री खड्का ।

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारको खानेपानी, उर्जा तथा सिंचाई मन्त्री श्याम खड्काले विकास आयोजना संचालनका सवालमा तीन तहका बीच समन्वय अभाव रहेको बताउनुभएको छ । विकास आयोजना कार्यान्वयनका चरणमा तीन तहका सरकार बीच एकले अर्कोलाई नटेर्ने अवस्था रहेको उहाँले बताउनुभएको छ ।

मन्त्रालयको आयोजनामा हेटौँडामा भएको २ दिने खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी अभिमुखीकरण कार्यक्रमको समापन समारोहमा बोल्नुहुँदै मन्त्री खड्काले स्थानीय तहले मागे अनुसारको आयोजनाहरु प्रदेश सरकारले दिन नसकेको र प्रदेश सरकारले पठाएको आयोजना कार्यान्वयनमा स्थानीय तहको चासो कम पर्ने समस्या रहेको बताउनुभयो । उक्त समस्याका बीचबाट संघीयता कार्यान्वयनको चरणहरु अघि बढिरहेको उहाँको भनाई छ ।

मन्त्री खड्काका अनुसार स्थानीय तहसँगको समन्वयमा विकास आयोजना संचालनका विषयमा सरकार गम्भिर छ । विकास आयोजना व्यवस्थापनका लागि प्रदेश सरकारले आयोजना बैंक निर्माणको काम गरिरहेको छ । आयोजना बैंक निर्माण पश्चात स्थानीय तह र प्रदेश सरकार बीचको समन्वयात्मक भूमिका तथा आयोजनाको प्रभावकारितामा वृद्धि हुने उहाँले बताउनुभयो । नागरिकको आवश्यकताको आधारमा विकास आयोजनाहरु निर्माणमा सरकारले काम गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । वृहत र प्रभावकारी आयोजना निर्माण गरेर उत्पादनमा केन्द्रीत विकासमा सरकारले जोड दिने उहाँले बताउनुभएको छ ।

# अटोको ठक्करबाट मृत्यु

समाज संवाददाता

हेटौँडाः हेटौँडा-६, चौघडामा शुक्रबार बिहान अटोको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । हेटौँडा बजारबाट चुच्चेखोलातर्फ जाँदै गरेको ना २ ह २६९२ नम्बरको अटोको ठक्करबाट गम्भीर घाइते भएका हेटौँडा-६, शान्तिटोलका ६८ वर्षीय जनक राईको उपचारको क्रममा मृत्यु भएको हो ।

शुक्रबार बिहान ६ बजेर १५ मिनेटको समयमा अटोले ठक्कर दिएर घाइते भएका राईलाई हेटौँडा अस्पताल पुऱ्याइएको थियो । हेटौँडा अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि राईलाई चितवन जिल्लाको भरतपुर महानगरपालिकास्थित पुरानो मेडिकल कलेज लगिएको थियो । मेडिकल कलेजमा उपचारको क्रममा राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो । हेटौँडा-६, बारुतेका ३१ वर्षीय अटो चालक शंकर सार्कीलाई अटोसहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

# करेन्ट लागेर मृत्यु

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-८, दारीमबासमा नेपाल विद्युत प्राधिकरणको ११ हजार भोल्टेजको हाइटेन्सन लाइन चुँडिएर भुँईमा लत्रिएको तारबाट करेन्ट लागेर एक जनाको मुत्यु भएको छ । यस्तै एक जना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो । शुक्रबार बिहान साढे ७ बजेको समयमा मनहरी गाउँपालिका-८, दारीमबासका ३८ वर्षीय मंगल सिंह प्रजाको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै सोही ठाउँकी ४० वर्षीया इन्द्रमाया मगर घाइते भएकी छिन् । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# बागमती विश्वविद्यालयबारे छलफल



समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश विश्वविद्यालय स्थापना, संचालन तथा व्यवस्थापनका विषयमा विश्वविद्यालय अनुदान आयोगसँग छलफल गरिएको छ । प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षा व्यवस्थापनको विषयमा मुख्यमन्त्री बहादुर सिंह लामाको समुहले आयोग पदाधिकारी र विज्ञहरुसँग छलफल गरेको हो ।

काठमाडौंमा भएको छलफलमा विश्वविद्यालयको पाठ्यक्रम तथा दीर्घकालीन संचालनका विषयमा केन्द्रीत रहेको थियो । विश्वविद्यालयको व्यवस्थित, मर्यादित, आधुनिक, वैज्ञानिक र प्रविधिमैत्री शिक्षालाई पाठ्यक्रमसँग जोड्दै युवा पुस्ताको माग र आवश्यकताको शिक्षा प्रणाली निर्माणका विषयमा छलफल भएको थियो । विश्वविद्यालयको स्थायित्व, शिक्षा प्रणाली, विद्यार्थीको आवश्यकता र उत्पादन तथा व्यवस्थापनमा उक्त छलफल केन्द्रीत रहेको थियो । व्यवहारिक शिक्षा प्रणाली विकास तथा व्यवसायिकतामा आधारित सीपमूलक शिक्षा प्रदानमा विश्वविद्यालयले योजना निर्माणका विषय छलफल भएको थियो ।

छलफलका क्रममा बागमती विश्वविद्यालय संरक्षक समितिका अध्यक्ष चन्द्रमणि पौडेलले आयोगको मापदण्ड अन्तर्गत रहने प्रक्रिया, नयाँ कलेजहरुको सम्बन्धनका बारेमा जिज्ञासा राख्नुभएको थियो । उहाँले नयाँ विश्वविद्यालयमा त्रिभुवन विश्वविद्यालयका कलेजहरु समाहित गर्ने तथा सो कलेजको ट्रान्समिसनको प्रक्रिया मिलान विषयमा धारणा राखेका थिए ।

छलफलमा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीले प्रदेश विश्वविद्यालय गठनका समयमा समन्वय नगरेको बताउनुभयो । जसका कारण आयोगले विश्वविद्यालयलाई आवश्यक विषय सुरुवाती चरणमा योजना तयार गर्न नसकेको उहाँले बताउनुभयो । सबै विश्वविद्यालयको गुणस्तर हेर्ने काम आयोगको भएकाले बागमती विश्वविद्यालयलाई आयोगको ऐनले समेट्न नसक्ने उनको भनाई थियो । आयोगको ऐन संशोधन भएको खण्डमा मात्र अनुदान तथा अन्य विषयमा बागमती विश्वविद्यालयलाई समेट्न सकिने उहाँले स्पष्ट पार्नुभएको छ ।

छलफलमा प्रदेशकी सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी, प्रदेश सरकारका प्रमुख सचिव हरि लम्साल, शिक्षाविद प्रा.डा. मनप्रसाद वाग्ले, प्रदेश विश्वविद्यालय संरक्षक समितिका उपाध्यक्ष कुशुमराज सुवेदी लगायतको उपस्थिति रहेको थियो ।

# कुरा खबुजका

## पुस्तक समीक्षा



✍ राजकुमार लामिछाने

पठन संस्कृतिको विकासका लागि समृद्ध समाज राष्ट्रिय दैनिकको १५ औं वार्षिकोत्सवको अवसरमा बालजागृति इंग्लिस सेकेण्डरी स्कुल हेटौंडा-२ सँगको सहकार्यमा समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठले प्रदान गर्नु भएको मायाको चिनो 'खबुज' उपन्यास अद्योपान्त पढेँ। उक्त कृति मेरो मथिङ्गलको मझेरीमा मज्जैसँग गढेको हुँदा केही प्रसंग कोट्याउने वा भट्याउने जमर्को गरेको छु।

खबुजको अर्थ-मध्यपूर्व तथा अरब प्रायद्वीपका मुलुकमा तन्दुर वा भट्टीमा पोलिने आँटा वा मैदाको रोटी। यसलाई ठाउँअनुसार 'खुब्ज', 'खोब्ज', 'खुबुस' वा 'खफुस' पनि भन्ने गरेको पाइन्छ। प्रस्तुत खबुज कृतिका लेखक बेन्यामिन मलयालम भाषाका कथाकार तथा उपन्यासकार हुन्। भारतको केरला राज्यका स्थायी बासिन्दा उनी सन् १९९२ देखि बहराइन बस्दै आएका छन्। यो नेपाली अनुवाद पेन्गुइन इण्डियाले प्रकाशन गरेको आडु जिविदमको अङ्ग्रेजी संस्करण गोट डेज (२०१३) मा आधारित छ। फाइनप्रिन्टद्वारा प्रथम पटक सन् २०१५ मा पेन्गुइन इन्डियासँग अनुवाद अधिकार लिई प्रकाशित भएको पाइन्छ।

दुई चार वर्ष खाडीतिर काम गरेर घरको ऋण तिर्ने, घरमा एउटा कोठा थप्ने अनि श्रीमतीको पेटमा हुर्कदै गरेको बच्चाको लालनपालनलाई चाहिने पैसा कमाएर घर फर्किने प्रस्तुत कृतिका मूलपात्र नजिबको सपना हुन्छ। खाडी जाने उसको सपना पूरा त हुन्छ। तर दूर्भाग्यले उसलाई पुऱ्याउँछ अनकन्टार साउदी मरूभूमिको बाखा फार्ममा। त्यहीँ सुरू हुन्छ उसको बँधुवा मजदुर दैनिक।

आफ्नो घरगाउँ र परिवारको सम्झना दबाएर उराठ मरूभूमिमा खुला आकाशलाई घर र बाखालाई आफन्त मान्नु उसको नियति बन्छ। अन्ततः त्यस नियतिबाट उम्कन उसले तय गर्छ एउटा कष्टकर यात्रा। नजिबको सोही कष्टकर भोगाइ र यात्रालाई प्रस्तुत उपन्यासमा कारागार, मरुभूमि, उन्मुक्ति र शरण गरी चार चरणमा चित्रण गरिएको छ।

सुन्दर सपनाका पोका बोकेर खाडी पुगेका नजिब जस्ता श्रमिकले अर्बबको बाखाको खोरमा काम गर्दा पाउने गरेको कष्टकर यातनाबाट उन्मुक्ति पाउन आफैं कारागारको ढोका ढकढक्याउन पुग्छन्। बाँच्नका लागि नजिबले पनि आफैंलाई कारागारमा सुम्पेको हुन्छ। यसैबाट कल्पना गर्न सकिन्छ, जानाजान कारागारमा जाक्किने हदसम्म पुग्नुअघि कति हन्डर, ठक्कर खाएको हुन्छन् होला ?

तर, दुर्भाग्य कारागारमा समेत उनीहरुले सुरक्षित महसुस गर्न पाउँदैनन्। अरबीहरू कानून हातमा लिएका र हरेक हप्ता कारागारमा 'आइडेन्टिफिकेसन परेड' हुन्थ्यो। अरबीहरूले आफ्ना भगौडा कामदारहरूलाई कारागारमा आएर पहिचान गर्थे। बिहानको नास्तापछि सबैलाई लाइनमा उभ्याइन्थ्यो। आफ्नो कामदारलाई देख्ने बितिक्कै अरबीहरू कानको जाली फुट्ने गरी झापड हान्थेँ। कसैकसैले त कम्मरको पेटी फुकालेर आफ्नो रिस नमरून्जेल सुम्ल्याउँथे।

आफ्नो स्पोन्सरलाई परैबाट देख्नेबित्तिकै कैदीको होस हवास उड्थ्यो र ऊ डाँको छोडेर रून थाल्थ्यो। आफूलाई यातना दिने अरबीकहाँ फेरि फर्कनु अकल्पनीय कुरा हुन्थ्यो। अरबीहरूमा कुनै दया, माया हुँदैनथ्यो। तिनले कैदीलाई- यसले मेरो पैसा चोरेर भाग्यो। मेरो छोरीलाई बलात्कार गर्न खोज्यो। यसले मलाई मार्न खोज्यो भन्ने जस्ता गम्भीर आरोप लगाउँदै तुरुन्तै कारागारबाट फिर्ता लैजान्थे। पर्सिएको खसीको जस्तो दयनीय हुन्थ्यो कैदीको अनुहार। म निर्दोष छु भन्दै कैदी डाँको छाडेर रून्थ्यो। तर उसको चर्को रोदन कारागारका भित्तामाथिसम्म पुग्थ्यो अनि त्यतैकतै हराउथ्यो। सुख्खा मरुभूमिमा पानीका केही थोपा हराए झैं।

प्रसिद्ध मुलुक साउदी अरब गएको भए पनि लाग्थ्यो यस उपन्यासका मुख्यपात्र नजिब जो एउटा बिरानो ग्रहमा बस्थे, जसका सहयात्री थिए केही सय बाखा, ऊठ, निजको मालिक अर्बब, हप्तामा दुई पटक आउने पानीको ट्याक्टर, हप्तामा एक पटक आउने परालको ट्रक र महिनामा एक पटक आउने गहुँको ट्रेलर।

मानवीय जीवन भोगाइका क्रममा हरेकको एउटा न एउटा उत्कर्ष हुन्छ, चाहे त्यो खुसी होस्, दुख होस्, बिमारी होस् या भोकमरी नै किन नहोस्! जब अन्तिम बिन्दुमा पुगिन्छ, तब त्यहाँ दुई वटा उपाय हुन्छन्- कि त त्यस्तै हालतमा बाँच्ने। कि त्यहाँबाट उम्कन अन्तिम प्रतिवाद वा सङ्घर्ष गर्ने। नजिबले साउदी अरब खाडीमा बस्दा भोग्नु परेको कष्टकर जीवन र अन्तिम अवस्थामा त्यहाँबाट भाग्न गर्नुपरेको सङ्घर्षको कहालीलाग्दो यात्राको वास्तविक रुप हो खबुज उपन्यास।

यस उपन्यासका सम्बन्धमा अमर न्यौपानेले पुस्तकको भूमिका मा भन्नुभएको छ- खबुजले मनमुटु दुबै हल्लायो। पढ्दै जाँदा अनुवाद पढ्दै छु भन्ने नै बिर्से। हाम्रो गाउँतिर अरब गएर आएका दाजुभाइले सुनाएका दुःखका कथा यस्तै हुन्छन्।

त्यसैगरी वरिष्ठ हास्यकलाकार हरिवंश आचार्यले भन्नुभएको छ- "उपन्यास पढ्दापढ्दै बीचबीचमा म रोएँ। किनकि म कामदारहरुको अवस्थासँग सहानुभूति राख्न सक्थेँ। चरम आर्थिक समस्याका कारण नेपालीका कैयौं मानिस पेट पाल्नकै लागि विदेशिन बाध्य छन्। हाम्रो अर्थतन्त्रको झल्को दिने र समदेशीसँग सहानुभूति राख्न सघाउने यो उपन्यास सबैले पढ्नैपर्छ।"

हो, म पनि यहाँहरू सबैलाई त्यसै भन्छु। *हेटौंडा-४*

## गीत





✍ दिप्सिका लामा

आँखाले भन्यो देख्छु म
हातले भन्यो लेख्छु म
कानले भन्यो सुन्छु म
नाकले भन्यो सुघ्छु म


गोडाले भन्यो हिँड्छु म
दाँतले भन्यो टोक्छु म
जिब्राले लिने स्वाद हो
नभए मुख बोल्न को ?

*कक्षा-१, नवोदय शिशु सदन*
*हेटौंडा-४*





आयुष अधिकारी
कक्षा-२, नवोदय शिशु सदन
हेटौंडा-४






प्रनिषा ब्लोन
कक्षा-५, निर्मल माध्यमिक विद्यालय, हेटौंडा-१९






दिपासना थापा
कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट
हेटौंडा-४






सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौंडा-४





कृष्ण कुमार साह
कक्षा-८, श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-४





सुप्रभी अधिकारी
कक्षा-१, सिद्धार्थ शिशु सदन माध्यामिक विद्यालय, हेटौंडा-५

# यात्रा घ्याङस्वाँरा



**जनार्दन खनाल**

पाँचौटी दिदी बहिनीमध्ये श्री दुर्गा अम्बिका
दुईटी दिदी पहाड तिरै रमाई बसेका
श्री कविलास अम्बिका दिदी थान सिङ दुर्गाको
तिहार मान्न म त्यतै गए घरमा दुवैको ।।

करिब तीन बजेको बेला सावित्री भान्जीले
चालक आफ्नो जीवनलाई मधुर वाणीले
समय काट्न भयो है गाह्रो खैकता लाने हो ?
बीवश नाती बाबुले भने घ्याङस्वाँरा जाने हो ।।

मैले नै सोधे टाढा छ होला ? कुबेला भैसक्यो
टाढा छ भने नजानु बेस समय गैसक्यो
श्री पञ्चकन्या पालिकै भित्र त्यो ठाउँ पर्दछ
जाऔँ है बुवा देखिन्छ ठाउँ भलो नै गर्दछ ।।

धानसिङबाट हिँडेका हामी छहरे पुगियो
सो ठाउँ देखि उत्तरतर्फ लिखु नै तरियो
श्री सिक्रे अनि  भन्ज्याङ ठाँटी पुरानो डाँडा भो
उकाली लाग्दै जाँदामा अहाँ र पालिका पुगियो ।।

पालिका आहा र श्री पञ्चकन्या राम्रो छ भवन
रहेछ पनि तामाङ बस्ती पहाडी जीवन
फलफूल खेती गर्नको लागि उर्बर देखियो
भन्ज्याङ घले कटेसी भने पार्कमै पुगियो ।।

स्थानीय तह कायम बाह्र श्री नुवाकोटमा
पालिका दश नगर दुई भएको जिल्लामा
ती मध्ये यौटा श्री पञ्चकन्या नामको पालिका
यसले अहो र विकास गर्दै बनाई तालिका ।।

करिब बीस बिघाको क्षेत्रफलमा रहेको
शहिद पार्क चियाको बारी निर्माण भएको
शहिद दश जनाको मूर्ति आदर गरेर
यसैले गर्दा यो पार्क भयो अतिन सुन्दर ।।

स्वरोजगार प्रधानमन्त्री पालिका आफैंको
साधन स्रोत जुटाई गर्नु सुखद पक्ष हो
यसको दुरुपयोग भयो विभिन्न ठाउँमा
देखियो यहाँ भएको सदुपयोग गाउँमा ।।

संघीय सांसद बहादुर हीत पालिका अध्यक्ष
संवृद्ध पक्ष पहलकर्ता सबैले विशेष
यसैमा ध्यान दिदैं नै जानु यसका विकास
जीवनस्तर सुध्रिनु पनि जनताका भविष्य ।।

प्रकृति रस सौन्दर्य पान गर्नको निमित्त
प्रकृति प्रेमी मानवहरु जानुमा उचित
खुलेको बेला मौसम पनि काठमाडौं शहर
देखिन्छ अरे अन्यत्र ठाउँ बहुत सुन्दर ।।

काठमाडौंबाट नजिकै पर्छ अढाई घण्टामा
सजिलो बाटो पुगिन्छ छिटो यो नौलो पार्कमा
हे भद्र जन गएर पार्क अवश्य हेर्नु है
सल्लाह अनि सुझाब राम्रो तत्कालै दिनु है ।।

*बकैंया–४, छतिवन, मकवानपुर*


# बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



**सम्पादक**

# मेहनत गर, परिश्रमी बन !



**सरोजप्रसाद साह**

आउ युवा अब, देश बचाऊ !
बुद्धको, संदेश बचाउ !!
देशको, उद्धार गर....
मेहनत गर, परिश्रमी बन !!!२



जन जनमा अब, चेत जगाङ !
हँसिया, हलो, कोदाली उठाउ !!
मातृभूमिको उद्धार गर....
मेहनत गर, परिश्रमी बन !!! २
आउ युवा, दुर्भाग्य हटाङ !



स्वदेशमै स्व, दीप जलाङ !!
कर्मको सञ्चार गर....
मेहनत गर, परिश्रमी बन !!! २



मन हो तिम्रो काँचो माटो !
यसमा सुनौलो आकार भर !!२
मेहनत गर, परिश्रमी बन !!!२



रिस हैन, ईख बचाङ !
पुर्खाको सब, जीत बचाऊ !!
तन-माटोको उद्धार गर...

## गाउँखाने कथा

१. बत्तीस घरमा दुई थरका छन्– चार सिकारी दाउ हेर्छन, बाँकी अठ्ठाइस जाल बुन्छन् ।
- बाघचाल

२. थर छन् केवल नाम, एक ठाउँ अडि ओताउने काम ।
- छानो

३. थालभरी अक्षता, गनिनसक्नु बेपत्ता ।
- तारा

४. पाहुना आएको बेलामा उत्तानो पारेर सुत्ने ।
- गुन्द्री

५. दगुर्छ बेसरी फर्कन जान्दैन ।
- खोला

# आमा



**अनिता रौनियार**

नौ महिना कोखमा राखी जन्म दिन्छिन्
यो संसार केहि भन्ने चिनाउँछिन्
ताते-ताते भनी मिठो तोते बोली सिकाउँछिन्
राखेर काखमा नानी, कहिले गीत गाउँछिन्

जब म दुःखी हुँदा म सँगै रोई दिन्थ्यौ
खुसी हुँदा म सँगै-सँगै हाँस्यौ
जीवनमा जति कठिन परिस्थिति आउँदा साथ दिन्थ्यौ
जीवनमा खुसी हुँदा आशीर्वाद दिन्थ्यौ

जब तिमी टाढा हुँदा कोही छैन जस्तो लाग्छ
तिमी साथ हुँदा सबै कुरा पाए जस्तो लाग्छ
सँगै रुन र हाँस्न पाउँदा कस्तो हुन्थ्यो यो मन
तिमी सँगै बस्न पाउँदा कस्तो हुन्थ्यो जीवन

तिमीले नै पाइला चाल्दै मलाई हिँड्न सिकायौ
जुन ताराको गीत गाउँदै राती मलाई सुतायौ
को खाई को खाई भनी खाना नानीलाई खुवायौ
बगाई दुधको धारा शिशुलाई नुहाउँथ्यौ

*कक्षा-९, श्रमिक माध्यमिक विद्यालय हेटौंडा-४*

# सातको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष राशि**ः भावना प्रधान समय छ । आत्मीय मित्रसँग एकान्तमा बसेर रमाइएला । दाम्पत्य जीवन रमणीय बन्ला । कार्यक्षेत्रमा पनि राम्रो प्रतिफल प्राप्त होला । व्यवसायिक जीवनका समस्यालाई निवारण गर्न सकिएला । सामाजिक एवम् धार्मिक कृत्यमा सरिक भइने छ । पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।

**वृष राशि**ः पुरुषार्थी काम गर्नाले समाजमा स्थापित बन्न मद्धत मिल्ला । रोकिएका कामहरु प्रयासले सफल होलान् । न्याय,प्रशासन र खेलकुदमा मन जाला । प्रतिस्पर्धीहरुसँग विजय प्राप्त होला । प्रशासनिक काममा आफ्नो पक्ष बलियो हुनेछ । आध्यात्मिक एवम् परोपकारका काममा सरिक भइने छ ।

**मिथुन राशि**ः तिव्र इच्छाशक्ति र आन्तरिक उर्जाको उदय हुने समय छ । ज्ञान, आत्मबल र सामर्थ्य प्रदर्शन गरी अरुलाई प्रभावित बनाउन सकिने छ । व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ । काममा बाध्यतामा खुम्चनु पर्ला । पढाइ–लेखाइमा लगाब बढाउनुपर्ला । आध्यात्मिक काम र सामाजिक काममा सरिक भइने छ ।

**कर्कट राशि**ः घरायसी समस्याका बारेमा चिन्तन बढ्ला । कामका लागि सल्लाह बमोजिम अगाडि बढ्दा राम्रो । हाँके/ताकेको कुनै काम रोक्नुपर्ने हुन्छ । वातावरण र परिस्थितिमा केन्द्रित भइएला । प्रेम जीवनमा भेटघाट र रामरमाइलोमा बित्ला । सामाजिम र धार्मिक काममा लाभ होला ।

**सिंह राशि**ः व्यक्तिगत प्रतिष्ठा स्थापना गर्ने राम्रो मौका छ । हाँके/ताकेका काममा सफल भइने छ । उद्वेश्य र आकाङ्क्षा पूर्ण हुनेछ । शुभ वा मांगलिक कार्यक्रममा सरिक भइएला । धार्मिक एवम् सामाजिक कामबाट मान–सम्मान प्राप्त होला । व्यापार–व्यवसाय ठिकै छ । लेखाइमा मन जाला ।

**कन्या राशि**ः समय ठिकै छ । धन प्राप्ति योग छ । बहुमूल्य वस्तु र पुराना संकलनमा मन जाला । व्यापार–व्यवसाय ठिकै छ । अचानक यात्रामा सरिक भइएला । विलासिताका सामाग्रीमा खर्च बढ्ला । परिकारजन्य खानपानमा मन जाला । धार्मिक भावनाको विकास होला । पढाइ मध्यम छ ।

**तुला राशि**ः भेटघाट र जमघटमा सरिक भइएला । नयाँ काम एवम् स्वरोजगारका लागि समय ठिकै छ । कामधन्धाबाट फाइदा होला । गुमेको धन प्राप्त हुने समय छ । मानसम्मान बढाउन गरिएको काममा सफल भइने छ । वैदेशिक प्रयोजनबाट लाभ होला । शिक्षादीक्षामा लगनशील बन्नु पर्ला ।

**वृश्चिक राशि**ः भावना नियन्त्रण गर्ने समय छ । व्यापार–व्यवसायमा आफैं खटेको राम्रो । सहयोगीले विश्वासघात गर्लान् । भ्रम र कुविचार त्याग गर्दा राम्रो रहन्छ । आध्यात्मिक एवम् सामाजिक काममा सरिक भइने समय छ । उचित प्रतिफल कामबाट प्राप्त हुने छैन । पढाइ–लेखाइ ठिकै देखिन्छ ।

**धनु राशि**ः शरीरमा स्वस्थता र मनमा उत्साह थपिने छ । प्रतिष्ठित कामले समाजमा स्थापित भइएला । विशिष्ट व्यक्तिहरुसँग मित्रता बढ्ला । कर्मक्षेत्रमा व्यस्त भइने छ । आय–बढ्नुका साथै परिश्रमले साथ दिने छ । धार्मिक एवम् सामाजिक कामबाट लाभ होला । अध्ययन–अध्यापन ठिकै रहेको देखिन्छ ।

**मकर राशि**ः काम गर्दा विचार पुऱ्याएर गर्दा सफलता प्राप्त होला । पेशा व्यवसायलाई दृष्टिगत गरी घर छाड्नु पर्ला । उद्यम र परिश्रमको राम्रो प्रतिफल प्राप्त होला । व्यापार–व्यवसाय मध्यमकारक छ । लेखाइ पढाइप्रति मन जाने छैन । आध्यात्मिक र परोपकारमा भने मन जाला ।

**कुम्भ राशि**ः धार्मिक सामाजिक एवम् साँस्कृतिक काममा रुचि बढ्ला । रोकिएका कामहरु सजिलै सम्पन्न होलान् । निष्ठाका साथ काम गरेमा भाग्यले साथ दिने छ । धार्मिक एवम् पारम्पारिक काममा सरिक भइने समय छ । रोकिएका कामहरु बन्नेछन् । व्यापार–व्यवसाय ठिकै छ । पढाइ–लेखाइ मध्यम छ ।

**मीन राशि**ः दिगदारी र चिडचिडेपन बढ्न सक्छ । आर्थिक बोझ बढ्ने छ । दौडधूपको समुचित मूल्यसमेत प्राप्त हुने छैन । व्यापार–व्यवसाय मध्यम मान्नुपर्दछ । लेखाइ–पढाइ ठिकै छ । धार्मिक एवम् आध्यात्मिक काममा सरिक भइने छ । वैदेशिक योगबाट लाभ प्राप्त होला ।

# फुलबारी



**मृदुषा ढकाल**

हरियाली फुल फुल्ने
हाम्रो फुलबारी

पुतली र भमरा
डुल्ने हाम्रो फुलबारी

कति धेरै फुल
फुल्ने हाम्रो फुलबारी

गुलाब र सयपत्री
फुल्ने हाम्रो फुलबारी

रङगीबीरङ्गी फुल फुल्ने
हाम्रो फुलबारी

कति धेरै फुल
फुल्ने हाम्रो फुलबारी

हरियाली फुल फुल्ने
हाम्रो प्यारो बारी ।

*कक्षा-५, बालजागृति ईंग्लिस सेकेन्डरी स्कुल, हेटौंडा-२*

# Nature



**Devona Shrestha**

Nature is beautiful
Nature is colorful
Just listen to the sounds
Which is around

The birds are chirping
The kids are playing
They are having so much fun
Right under the sun
Plants and trees

Are growing free
The nature
It is a treasure
It is everything
In nature you get everything

*Class-5, Navodaya Shishu Sadan Hetauda–4*

# वातावरण



**स्तुति गुरागाई**

हामी पनि यही माटोका
नदी, नाला यही माटोका
खोला, झरना, वनस्पति
छन् यहाँ थरी थरीका

सबैको संगम हो यो धर्ती
जोगाऊँ आज यसलाई दिन्छ म अर्ती

हामीलाई छोई हावा बग्छ
स्वासको ढूकढुकी जाग्छ
मानिसको प्राणको आधार
हावामा नै बाँचिरहन्छ ।

सबैको सङ्गम हो यो धर्ती
जोगाऊँ आज यसलाई दिन्छु म अर्ती

हरियो वन नेपालको धन
भन्ने भनाई सही पार्न
खाली जमिन सुख्खा जमिन
बढाऔं अब वृक्षरोपण गर्न

सबैको सङ्गम हो यो धर्ती
जोगाऊँ आज यसलाई दिन्छु म अर्ती

*कक्षा-९, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४*

# मेयर कप सितोरियो कराँते सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला सितोरियो कराँते संघको आयोजनामा प्रथम संस्करणको जिल्लास्तरीय मेयर कप कराँते प्रतियागिता सुरु भएको छ । हेटौंडा-४, पारिजातपथस्थित बुहुउद्देश्यीय कभर्ड हलमा सुरु भएको प्रतियोगिता शनिबारसम्म सञ्चालन हुनेछ । शुक्रबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्य तथा कराँते संघ मकवानपुरका अध्यक्ष दीपक लामाको सभाध्यक्षमा प्रतियोगिताको उद्घाटन भएको छ ।

नगर प्रमुख मीना कुमारी लामाले हेटौंडा उपमहानगरपालिकालाई खेलकदुमय बनाउने कार्यमा सबै स्थानीय वासिन्दाहरु लाग्नुपर्ने बताउनुभएको छ । मकवानपुरमा कराँते खेलको विकास गर्नका जिल्लास्तरीय मेयर कप कराँते प्रतियोगिताको आयोजना गरेर सितोरियो कराँते संघले खेलाडीहरुको आत्मबललाई बढाउने काम गरेको नगर प्रमुख लामाले बताउनुभयो । चालु आर्थिक वर्षमा हेटौंडामा बजेट विनियोजन भएसँगै खेलकुदलाई प्राथमिकतामा राखेको उहाँले प्रष्ट पार्नुभयो ।

हेटौंडा उपमहानगरको मुख्य सहयोगको कारणले प्रतियागिताको आयोजना गर्न सफल भएको बताउनुभएको संघका अध्यक्ष दीपक लामाले बताउनुभएको छ । प्रतियोगिताका लागि मधेश प्रदेश तथा चितवन जिल्लाबाट आएका ३० जना रेफ्रिहरुलाई धन्यवाद व्यक्त गर्नुभयो ।

शुक्रबार भएको खेलमा महिलातर्फ २५ केजीतौल समूहबाट किड्स डोजाङकी श्रीयसी पाठक प्रथम र मेन डोजोका कृतज्ञ पाठक द्वितीय भएका छन् । ३० केजी तौल समूहबाट किड्स डोजोकी सुष्मा मैनाली प्रथम र राईगाउँको दीपशिखा राई द्वितीय भएकी छिन् । ३५ केजी तौल समूहबाट मयुरधाप डोजोका एन्जल अधिकारी प्रथम र मेन डोजोकी श्रीष्मा श्रेष्ठ द्वितीय भएकी छिन् । ४० केजी तौल समूहबाट मेनडोजोकी सुष्मा चौलागाईं प्रथम र मयूर धाप डाजोकी मनिता श्रेष्ठ द्वितीय, ४५ केजीबाट किड्स डोजोकी रमिला मोक्तान प्रथम, ५० केजीबाट मेनडोजोकी श्रीया श्रेष्ठ प्रथम र किड्स डोजाङकी पासाङ डोल्मा मोक्तान द्वितीय तथा ५५ केजीबाट मेनडोजोकी आकृति पुलामी प्रथम र मयूर धापकी सदिस भेटवाट द्वितीय भएकी छिन् ।

पुरुषतर्फ कुमुते विधामा २५ देखि ६७ केजी तौल समूहका र महिलातर्फ २५ देखि ६० केजी तौल समूहका खेलाडीहरुको सहभागितामा सञ्चालन भएको प्रतियोगितामा महिला पुरुषको एकल काता विधामा प्रतिस्पर्धा भइरहेको छ । राइगाउँ, लेवट, नवलपुर, चौघडा, मयुरधाप र मेनडेजोका खेलाडीहरुको सहभागिता रहेको प्रतियोगिताका लागि हेटौंडा-४ स्थित बुद्ध स्नुकर हाउस र हेटौंडा-१० स्थित एस-वान स्नुकर क्लब प्रायोजकको रुपमा रहेको छ । प्रतियोगितामा १ सय २० जना खेलाडी सहभागी छन् ।

प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने प्रतियोगिता अवधीभरको एक/एक जना सर्वोकृष्ट महिला र पुरुष खेलाडीलाई ट्रफि र नगद पुरस्कार प्रदान गरिने छ । प्रतियोगिताको उद्घाटन समारोहमा वडाध्यक्षहरुको पनि आतिथ्य रहेको थियो । उद्घाटन समारोहमा बागमती प्रदेश खेलकुद विकास परिषद्का बोर्ड सदस्य संगीत श्रेष्ठ, प्रदेश फुटबल संघका महासचिव लवराज ठकुरी, रेफ्रि संयोजक विष्णुभक्त लामा, सितोरियो कराँते संघ मकवानपुरका अध्यक्ष अनिल काफ्ले, मकवानपुर जिल्ला खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष वेश खड्की, मकवानपुर जिल्ला तेक्वान्दो संघका अध्यक्ष लालकाजी रत्न बज्राचार्यको आतिथ्य रहेको थियो ।

# विश्व एड्स दिवसमा दीप प्रज्वलन

समाज संवाददाता

हेटौंडाः विश्व एड्स दिवस २०२४ को पूर्वसन्ध्यामा बागमती प्रदेश सरकार मातहतको स्वास्थ्य निर्देशनालयको आयोजनामा हेटौंडाको बुद्धचोकमा दीप प्रज्वलन कार्यक्रम भएको छ । 'एड्स अन्त्यका लागि सबैको अधिकार सुनिश्चित गरौं' भन्ने नाराका साथ सम्पन्न कार्यक्रममा एड्सका कारण ज्यान गुमाएका व्यक्तिहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै मौनधारणसहित दीप प्रज्वलन गरिएको थियो ।

जनस्वास्थ्य प्रशासक निर्मल घिमिरेको अध्यक्षतामा कार्यक्रम भएको हो । बागमती प्रदेशका एच.आई.भी. फोकल पर्सन जितेन्द्र कर्ण, गैसस महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा र जिल्लामा एच.आई.भी. सम्बन्धित संस्थाका व्यक्तिहरूको विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा ए.एच.एफ. नेपाल मकवानपुर र स्थानीय संस्थाहरूको सहकार्यमा सम्पन्न गरिएको हो । कार्यक्रम समापनमा जनस्वास्थ्य प्रशासक घिमिरेले सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै आगामी डिसेम्बर १ मा हेटौंडा अस्पताल परिसरमा सचेतनामूलक नाटक प्रदर्शन गरिने बताइएको छ ।

# कार्ययोजना कार्यान्वयन सम्बन्धी गोष्ठी

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय व्यावसायिक पहलले शनिबार व्यवसाय र मानवअधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन तथा मानवअधिकारप्रतिको सजगता परिपालना सम्बन्धी प्रदेशस्तरीय कार्यशाला आयोजना गरिएको छ । बागमती प्रदेशको राजधानी हेटौंडामा जिम्मेवार व्यावसायिक अभ्यास प्रवर्द्धन गरिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

मानवअधिकार आयोगका पूर्वसचिव वेदप्रसाद भट्टराईले व्यवसाय, मानवअधिकार, व्यवसाय र मानवअधिकारको सम्बन्ध, श्रमिकको अधिकार, उपभोक्ताको अधिकार लगायतको विषयमा सहजीकरण गर्नुभएको थियो । उहाँले सहजीकरण गर्नुहुँदै व्यवसायद्वारा मानवअधिकार उल्लङ्घन घटनाको पहिचान र मानवअधिकारको उचित सम्मान र राज्यद्वारा मानवअधिकार संरक्षणका लागि आफ्नो भूमिकाको पहिचान गर्न आवश्यक रहेको औंल्याउनुभयो ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण गुप्ता, हिमराइट्स मकवानपुरकी संयोजक कुमारी वाईबा, गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, बागमती प्रदेश उद्योग परिसंघका अध्यक्ष लेखराज पोखरेल, उद्योग संघ मकवानपुरका अध्यक्ष बद्री प्रसाद शर्माले सरकारी र निजी उद्योगी, व्यवसायीले मानवअधिकारको विषयमा गम्भीर हुनुपर्ने बताउनुभयो । राष्ट्रिय व्यावसायिक पहलका अध्यक्ष कुशकुमार जोशीको अध्यक्षतामा कार्यक्रम भएको हो ।

## टि-१० क्रिकेट प्रतियोगिता

# सेमीफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः नेपाल मुस्लिम इत्तेहाद संगठनको आयोजनामा जारी प्रथम संस्करणको टी-१० क्रिकेट प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको छ । शुक्रबार हेटौंडा-४, हुप्रचौरमा क्वार्टरफाइनल चरणका ४ खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको सेमीफाइनल समीकरण पूरा भएको हो । प्रतियोगिता अन्तर्गत शनिबार सेमीफाइनल र फाइनल चरण खेलहरु सञ्चालन हुने आयोजकले जनाएको छ ।

शुक्रबार भएको खेलहरुमा विजयी हुँदै नेपाल स्टार क्लब, पठान स्ट्राइकर क्रिकेट कलब, चितवन जिल्लाको आर सीसी क्लब र टिम एभरेष्ट क्रिकेट क्लब सेमीफाइनलमा प्रेवश गरेको हो । नेपाल स्टार क्लबले पठान इलेभेन क्लबलाई ८ विकेटले, दोस्रो खेलमा पठान स्ट्राइकरले जीएस निकेतनलाई ३२ रनले, तेस्रो खेलमा आरसीसी क्लबले मदिनालाई १० विकेटले र चौथो खेलमा टिम एभरेष्टले न्यू मर्निङलाई २ विकेटले हराएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर, म्यान अफ द म्याच र प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई पनि ट्रफि प्रदान गरिने छ । प्रतियोगितामा मकवानपुर जिल्ला क्रिकेट संघको सहयोग रहेको छ ।

# वडाध्यक्ष कपको उपाधी नेपालचौरलाई



समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, हटियामा भएको वडाध्यक्ष कप फुटबल प्रतियोगिताको उपाधी नेपालचौर टोल विकास संस्थाले जितेको छ । वडा खेलकुद विकास समितिको आयोजनामा शुक्रबार लक्ष्मी आधारभूत विद्यालयको खेलमैदानमा भएको फाइनल खेलमा नेपालचौर टोलले २-० गोलअन्तरले पुवाले टोल विकास संस्थालाई पराजित गर्दै उपाधी जितेको हो ।

नेपालचौरमा जीतमा विवेक माझीले १ गोल गर्दा अर्को गोल उपहार स्वरुप आत्मघाती प्राप्त भएको थियो । म्यान अफ द म्याच अस्बिन डंगोल घोषित भएका छन् । प्रतियोगिताको उपाधि विजेता नेपालचौरको टिमले ५१ हजार ५१ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । भने उपविजेता पुवाले टोलको टिमले ३१ हजार ३१ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । उत्कृष्ट गोलरक्षक विजेता टिमको विजय माझी, डिफेन्डर नवीन श्रेष्ठ, डिफेन्डर पुवाँलेका अल्पृत श्रेष्ठ, फरवार्ड नेपालचौरका विवेक माझी, प्रशिक्षक दामोदर सुवेदी र प्लेयर अफ टुर्नामेन्ट नेपालचौरका रोज श्रेष्ठ घोषित भएका छन् ।

प्रतियोगिताका संयोजक राजेश कुमार राईको सभाध्यक्षमा तथा वडाध्यक्ष उद्धव सत्यालको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको हो । समापन समारोहमा खेलकुद विकास समितिका संयोजक कृष्ण बहादुर अधिकारीको उपस्थिति रहेको थियो ।

# १९ नम्बर वडा बालमैत्री

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको १९ नम्बर वडा बालमैत्री वडा घोषणा भएको छ । नगरप्रमुख मीना कुमारी लामाले वडालाई बालमैत्री घोषणा गर्नुभयो । वडाको शेरशेरमा एक समारोहकाबीच बालमैत्री वडा घोषणा गरिएको हो । बालमैत्री घोषणा हुने १९ नम्बर वडा हेटौंडा उपमहानगरको दशौं वडा हो ।

वडाध्यक्ष नरनाथ सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका नगर उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, वडाध्यक्षहरु, संघ, सस्थाका प्रतिनिधीहरुको सहभागिता रहेको थियो । बालमैत्री वडा घोषणा भएलगत्तै बालविवाह र बालश्रमको समस्या न्युनीकरणमा विशेष कदल चलाउने वडाध्यक्ष नरनाथ सुवेदीले बताउनुभएको छ । वडा पूर्णखोप, पूर्णसाक्षर वडा र खुल्ला दिसामुक्त वडा घोषणा भइसकेको उहाँले बताउनुभएको छ । मुख्यरुपमा बालविवाह र बालश्रम जस्ता समस्याहरु धेरै भएको उहाँले चिन्ता व्यक्त गर्नुभएको छ । यसअघि हेटौंडा-२, ४, ७, ८, ९, १०, ११, १५ र १७ नम्बर वडा बालमैत्री वडा घोषणा भइसकेको छ ।

**शिक्षक आवश्यकता**

*(दोस्रो पटक प्रकाशित मितिः २०८१/०८/१५)*

बागमती गाउँपालिकाको कार्यालय झुरझुरे मकवानपुरको मिति-०८१/०७/०९ गते प.सं. ५९८ को प्राप्त शिक्षक नियुक्ति विज्ञापन अनुमतिपत्र र मिति २०८१/०७/१२ गते विद्यालयमा बसेको वि.व्य.स.को बैठकको निर्णय अनुसार गा.पा.अनुदान नि.मा.वि. (विज्ञान विषय) शिक्षक पदपूर्ति गर्न मिति २०८१/०७/२१ मा प्रथम पटक सूचना प्रकाशित गरी लिइएको परीक्षामा कुनैपनि उम्मेदवार सफल हुन नसकेपछि गाउँपालिकाको मिति २०८१/०८/१४ चलानी नं. ८५४ को पत्र अनुसार विद्यालय व्यवस्थापन समितिको २०८१/०८/१४ को निर्णय अनुसार रिक्त पदमा शिक्षक नियुक्तिका लागि दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । तपशिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

**(विज्ञापन नम्बर : ०१/२०८१/२०८२**
पद : नि.मा.वि. विज्ञान शिक्षक (गा.पा.अनुदान)
पद संख्या : १ (एक)
आवश्यक शैक्षिक योग्यता : विज्ञान मुल विषय लिई प्रविणता प्रमाणपत्र तह उतीर्ण गरेको ।
तलब भत्ता : स्थानीय सरकारले तोके बमोजिम ।
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
दरखास्त दस्तुर : रु. १,०००/-
दरखास्त दिने अन्तिम मिति : २०८१/०८/२१ गते विद्यालय समयभित्र ।
सम्पर्क मिति : २०८१/०८/२३
परीक्षा हुने मिति : सम्पर्क मितिमा तोकिने छ ।
परीक्षाको किमिम : लिखित, अन्तरवार्ता र आवश्यक परेमा प्रयोगात्मक ।
आवश्यक कागजातहरु : नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि २ प्रति, सम्पुर्ण शैक्षिक प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति, अध्यापन अनुमति प्रमाण-पत्रको प्रतिलिपि २ प्रति (अनिवार्य नभएको), छनौटको समयमा सक्कल प्रमाणपत्र अनिवार्य ।

**सम्पर्क मो.नं.: प्र.अ.-९८४५२९०८५०, अध्यक्ष-९८६१५४२३२७, स.प्र.अ.-९८६१५३९२२४**
janahitbasicschoolratomate22@gmail.com, ratnamagar344@gmail.com

**प्रधानाध्यापक**

**श्री जनहित आधारभूत विद्यालय**

**बागमती गा.पा.-६, रातोमाटे, मकवानपुर**

# आज शिक्षण अनुमतिपत्रको परीक्षा

समाज संवाददाता

हेटौंडाः शिक्षक सेवा आयोगले निम्न माध्यमिक तहको शिक्षण अध्यापन अनुमतिपत्रको परीक्षा आज शनिबार लिँदैछ । परीक्षाका लागि ५ हजार परीक्षार्थीले आवेदन फारम भरेको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरीले जानकारी दिनुभयो ।

शिक्षण अनुमतिको वस्तुगत परीक्षा दिउँसो १ बजेदेखि २ बजेसम्म सञ्चालन हुनेछ । हेटौंडा उपमहानगरभित्रका ११ वटा विद्यालयमा २० वटा परीक्षा केन्द्र तोकिएको प्रमुख गिरीले बताउनुभयो । हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालय, बालजागृति इङ्लिस सेकेण्डरी स्कूल, हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालय, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-१ स्थित अमर माध्यमिक विद्यालयमा परीक्षा केन्द्र तोकिएको छ ।

यसैगरी हेटौंडा-१० स्थित ज्ञानदा माध्यमिक विद्यालय, हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालय, हेटौंडा-६ स्थित वंशगोपाल माध्यमिक विद्यालय, हेटौंडा-११ स्थित त्रिभूवन माध्यमिक विद्यालय र हेटौंडा-५ स्थित बालज्योति माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ । २० जना केन्द्राध्यक्ष समेत तोकिएका छन् । उत्तरपुस्तिकादेखि कक्षाकोठाको व्यवस्थापन लागायत परीक्षाको सम्पूर्ण तयारी पूरा भइसकेको प्रमुख गिरीले जानकारी दिनुभयो ।

**सञ्चालनमा आयो**

**पशुपति ईभी चार्जिङ स्टेशन**

**हेटौंडा-४ पशुपति मन्दिरअगाडि**
**पशुपति ईभी चार्जिङ सेन्टर**



**६ वटा चार्जिङ युनिटसहित**

**सम्पर्कः ९८५५०६८८७३**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ